January 29th, 2026 Thursday

# आकाशवाणी

## प्रमुख समाचारहरुबाट

१. बिटिङ रिट्रिट २०२६ – ७७औँ गणतन्त्र दिवसको समापन
२. लोकसभा अध्यक्ष ओम बिरलाले सदनलाई (सीएसपीओसी) २०२६ को सफल आयोजनबारे जानकारी गराउनुभयो ।
३. आज संसदमा केन्द्रीय वित्तमन्त्री निर्मला सीतारामनद्वारा आर्थिक सर्वेक्षण प्रस्तुत
४ सर्वोच्च अदालतले (यूजीसी) द्वारा उच्च शिक्षा संस्थानहरूमा लागू गरिएको समानता सर्वधन नियम–२०२६ लाई स्थगित गर्न दिए आदेश
५. मुख्य आर्थिक सल्लाहकार नागेश्वरनले पीरियडिक लेबर फोर्स सर्भे सुरु भएदेखि देशमा रोजगारीको अवस्था सुधार भएको बताउनु भयो ।

----------

## *१. बिटिङ रिट्रिट २०२६ – ७७औँ गणतन्त्र दिवसको समापन*

७७औँ गणतन्त्र दिवस समारोहको समापन बिटिङ रिट्रिट नयाँदिल्लीको विजय चौकमा सम्पन्न भयो। कार्यक्रममा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षा मन्त्री राजनाथ सिंह र अन्य केन्द्रीय मन्त्रीहरू उपस्थित थिए।
भारतीय थलसेना, नौसेना, वायुसेना र केन्द्रीय सशस्त्र प्रहरी बलका ब्यान्डहरूले देशभक्ति गीत प्रस्तुत गरी दर्शकलाई मन्त्रमुग्ध पारे। विशेष रूपमा भारतीय वायुसेना ब्यान्डले ‘अपरेशन सिन्दूर’ सम्मानमा विशेष फर्मेशन प्रस्तुत गर्‍यो। समारोहको सुरुवात मास्ड ब्यान्डको ‘कदम कदम बढाये जा’ बाट भएको थियो र त्यसपछि पाइप्स एन्ड ड्रम्स तथा सेवा–सैनिक ब्यान्डहरूले अनेकौं धुनहरू प्रस्तुत गरे। समारोह ‘सारे जहाँ से अच्छा’

को लोकप्रिय धुनसँग समाप्त भयो।यस वर्ष विजय चौकका दर्शक दीर्घाहरूलाई बाँसुरी, डमरू, एकतारा, एसराज, मृदंग, नगाडा, वीणा जस्ता भारतीय वाद्ययन्त्रको नाम दिइएको थियो, जसले देशको समृद्ध सांस्कृतिक विरासतलाई उजागर गरेको छ।

## *२. लोकसभा–अध्यक्ष–सीएसपीओसी*

लोकसभा अध्यक्ष ओम बिरलाले आज सदनलाई राष्ट्रमण्डल संसदका अध्यक्ष तथा पीठासीन अधिकारीहरूको सम्मेलन (सीएसपीओसी) २०२६ को सफल आयोजनबारे जानकारी गराउनुभयो। उहाँले १४ देखि १६ जनवरीसम्म सम्पन्न २८औँ सीएसपीओसी सम्मेलन अत्यन्त सफल भएको बताउनुभयो। उहाँ अनुसार, यो सम्मेलन १६ वर्षपछि भारतमा आयोजना गरिएको हो। सम्मेलनको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले १५ जनवरीमा ऐतिहासिक संविधान सदनको केन्द्रीय कक्षमा गर्नुभएको थियो। यस सम्मेलनमा ५३ राष्ट्रमण्डल देश र १४ अर्ध–स्वायत्त संसदका अध्यक्ष तथा पीठासीन अधिकारीहरू एकै मञ्चमा भेला भएका थिए।

श्री बिरलाले सम्मेलनमा रेकर्ड सङ्ख्यामा ६० अध्यक्ष तथा पीठासीन अधिकारी र करिब २०० प्रतिनिधिहरू सहभागी भएको जानकारी दिनुभयो। साथै सहभागी देशहरूले भारतसँग बलियो र मैत्रीपूर्ण सहकार्य कायम राख्ने इच्छा पनि व्यक्त गर्नु भएको थियो।

## *३. आर्थिक सर्वेक्षण*

आर्थिक वर्ष २०२५–२६ मा देशको वास्तविक सकल घरेलु उत्पादन (जीडीपी) वृद्धि दर ७ दशमलव ४ प्रतिशत रहने अनुमान गरिएको छ। आर्थिक वर्ष २०२६–२७ मा यो वृद्धि दर ६ दशमलव ८ देखि ७ दशमलव २ प्रतिशतको बीचमा रहने सम्भावना रहेको छ। यो अनुमान आज संसदमा केन्द्रीय वित्तमन्त्री निर्मला सीतारामनद्वारा प्रस्तुत आर्थिक

सर्वेक्षणमा व्यक्त गरिएको हो। सर्वेक्षणअनुसार घरेलु माग, निजी उपभोग र पूँजी निर्माणले आर्थिक वृद्धिलाई बल दिएको छ। सेवा क्षेत्र प्रमुख योगदानकर्ता बनेको छ भने विनिर्माण गतिविधि सुदृढ रहेको छ। अनुकूल मनसुनका कारण कृषि क्षेत्रको वृद्धि दर ३ दशमलव १ प्रतिशत रहने अनुमान छ। सर्वेक्षणमा भनिएको छ कि उपभोक्ता मूल्य सूचकांकमा आधारित कुल महँगी दर घटेर १ दशमलव ७ प्रतिशत पुगेको छ र आगामी अवधिमा मूल्यवृद्धि अवस्था अनुकूल रहने अपेक्षा गरिएको छ।

## *४. सर्वोच्च अदालत – यूजीसी*

सर्वोच्च अदालतले विश्वविद्यालय अनुदान आयोग (यूजीसी) द्वारा उच्च शिक्षा संस्थानहरूमा लागू गरिएको समानता सर्वधन नियम–२०२६ लाई स्थगित गर्न आदेश दिएको छ। अदालतले ती नियमहरूमा केही आपत्तिहरू जनाउँदै सामान्य वर्गप्रति भेदभावपूर्ण भएको उल्लेख गरेको छ। साथै, प्रतिष्ठित न्यायविद्हरूको एक समितिमार्फत ती नियमहरूको समीक्षा गर्न सुझाव दिएको छ।भारतका प्रधान न्यायाधीश न्यायमूर्ति सूर्यकान्त तथा न्यायमूर्ति जॉयमाल्य बागचीको न्यायपीठले २०२६ का यी विनियमहरूको संवैधानिकता चुनौती दिँदै दर्ता गरिएका तीनवटा रिट याचिकामाथि सुनुवाइ गरिरहेको थियो। अदालतले ती याचिकामाथि केन्द्र सरकार र विश्वविद्यालय अनुदान आयोगलाई नोटिस जारी गर्दै १९ मार्चसम्म जवाफ पेश गर्न निर्देशन दिएको छ। यसबीच २०१२ का यूजीसी विनियमहरू लागू रहने आदेश पनि अदालतले दिएको छ।

## *५. उच्च अदालत – अभिव्यक्ति स्वतन्त्रता*

दिल्ली उच्च अदालतले स्पष्ट पारे अनुसार अभिव्यक्ति स्वतन्त्रता मौलिक अधिकार भए पनि यसलाई व्यक्ति वा संस्थाविरुद्ध अपमानजनक रुपले प्रयोग गर्न पाइँदैन। अदालतले संविधानको अनुच्छेद १९(२) अन्तर्गत यस अधिकारमा उचित प्रतिबन्ध रहेको र मानहानि, दुर्भावनापूर्ण वा प्रतिष्ठा र गरिमामा हानि पुर्‍याउने अभिव्यक्ति संवैधानिक संरक्षणभित्र नपर्ने जनाएको छ।अदालतले युट्युब र सामाजिक सञ्जालमार्फत कम्पनी, संस्थापक र कर्मचारीविरुद्ध अपमानजनक सामग्री फैलाइएको एक मुद्दाको सुनुवाइका क्रममा यस्तो टिप्पणी गरेको हो। अदालतले प्रतिष्ठामा क्षति अपूरणीय हुने भन्दै सामाजिक सञ्जाल प्लेटफर्मलाई तोकिएको समयभित्र सामग्री नहटाए यूआरएल ब्लक गर्न निर्देशन दिएको छ।

### *६. सीईए – आर्थिक सर्वेक्षण*

मुख्य आर्थिक सल्लाहकार वी. अनन्त नागेश्वरनले पीरियडिक लेबर फोर्स सर्भे सुरु भएदेखि देशमा रोजगारीको अवस्था सुधार भएको बताउनु भएको छ । नयाँ दिल्लीमा आज आर्थिक सर्वेक्षण २०२५–२६ बारे जानकारी दिनु हुँदै उहाँले बेरोजगारी दर ६ प्रतिशतबाट घटेर सन् २०२३–२४ मा ३ दशमलव २ प्रतिशत पुगेको बताए। महिला श्रम सहभागिता करिब १८ प्रतिशत अंकले वृद्धि भएको उहाँको भनाइ रहेको छ ।

उहाँले कोभिडपूर्व औसतसँग तुलना गर्दा वास्तविक जीडीपी वृद्धि दर सन् २०२५ मा ६ दशमलव ५ प्रतिशत र यस वर्ष ७ दशमलव ४ प्रतिशत रहने अनुमान रहेको बताए। मुख्य आर्थिक सल्लाहकारले राज्यहरूलाई सार्वभौम ऋण लागत नियन्त्रणमा राख्न राजकोषीय अनुशासन पालना गर्नुपर्ने आवश्यकतामाथि जोड दिनु भयो।

### *७. शिवराज – सर्वेक्षण*

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आर्थिक सर्वेक्षण २०२५–२६ ले देशको समावेशी र दिगो विकास झल्काउने बताउनु भएको छ । नयाँ दिल्लीस्थित आफ्नो निवासमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले आर्थिक सर्वेक्षण केवल तथ्याङ्क मात्र नभई सरकारको प्रयास र प्रतिबद्धताको प्रतिविम्ब भएको बताउनुभयो।उहाँले कृषि र ग्रामीण क्षेत्र देशको विकासको इन्जिन भएको उल्लेख गर्दै पछिल्ला पाँच वर्षमा कृषि विकास दर ४ दशमलव ४ प्रतिशत रहेको जानकारी दिनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सञ्चालित विभिन्न योजनाहरूको उल्लेख गर्दै उहाँले सरकारले अन्त्योदय र विकसित भारतको संकल्पलाई अघि बढाइरहेको बताउनुभयो।

### *८ अजित पवार विमान दुर्घटना – ब्ल्याक बक्स*

नागरिक उड्डयन मन्त्रालयले आज जानकारी दिए अनुसार हिजो बारामती नजिक दुर्घटनाग्रस्त भएको लियरजेट–४५ विमानको ब्ल्याक बक्स फेला परेको छ र दुर्घटनाको अनुसन्धान तीव्र रूपमा अघि बढिरहेको छ। उक्त दुर्घटनामा महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारसहित चार जनाको मृत्यु भएको थियो। मन्त्रालयले सामाजिक सञ्जाल एक्समा जारी गरेको वक्तव्यमा पूर्ण, पारदर्शी र समयबद्ध अनुसन्धान शीर्ष

प्राथमिकतामा रहेको जनाएको छ। दुर्घटनापछि आवश्यक सबै उद्धार तथा अनुसन्धान संयन्त्र तुरुन्त सक्रिय गरिएको थियो। दिल्लीस्थित विमान दुर्घटना अनुसन्धान ब्युरोका तीन सदस्यीय टोली र डीजीसीए मुम्बई क्षेत्रीय कार्यालयका तीन सदस्यीय अर्को टोली हिजै दुर्घटनास्थल पुगेका थिए। एएआईबीका महानिर्देशकले पनि सोही दिन दुर्घटनास्थलको निरीक्षण गरेका थिए।

*९. प्रधानमन्त्री-'इन्डिया एनर्जी वीक २०२६'*

प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीमा 'इन्डिया एनर्जी वीक २०२६' अन्तर्गत विश्व तथा भारतका ऊर्जा क्षेत्रका प्रमुख सीईओहरूसँग उच्चस्तरीय बैठक गर्नुभयो। प्रधानमन्त्रीले भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको र वैश्विक ऊर्जा माग–आपूर्ति सन्तुलनमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।
उहाँले ऊर्जा क्षेत्रमा अन्वेषण र उत्पादनमा करिब १०० अरब अमेरिकी डलर लगानीको सम्भावना रहेको उल्लेख गर्दै भारतलाई सम्पूर्ण ऊर्जा मूल्य शृंखलामा विश्वसनीय साझेदारका रूपमा प्रस्तुत गर्नुभयो। बैठकमा सहभागी सीईओहरूले नीतिगत स्थिरता र दीर्घकालीन मागका कारण भारतमा लगानी विस्तारप्रति चासो व्यक्त गरे।

*१०.क्रिकेट – टी–२०*

टी–२० अन्तर्राष्ट्रिय शृंखलाको चौथो खेलमा भारत न्यूजील्याण्डसँग ५० रनले पराजित भएको छ। विशाखापट्टनममा सम्पन्न खेलमा पहिले ब्याटिङ गर्दै न्यूजील्याण्डले २० ओभरमा ७ विकेटको क्षतिमा २१५ रन बनायो। शृंखलाको पाँचौँ तथा अन्तिम खेल शनिबार तिरुवनन्तपुरमको ग्रीनफिल्ड स्टेडियममा खेलिनेछ।